"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरवासीको बन्दै रहर"

परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्याः- २०८२/०८३

चलानी नम्बरः- १८९२

मितिः २०८३ बैशाख १५

विषयः उपभोक्ता समितिले भुक्तानी माग गर्दा पेस गर्नु पर्ने कागजात सम्बन्धमा अत्यन्त जरूरी सूचना।

श्री उपभोक्ता समितिहरू (सबै),
परशुराम नगरपालिका,
सुदूरपश्चिम प्रदेश, डडेल्धुरा।

यस परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सम्झौता भई कार्यसम्पन्न तथा निर्माणको चरणमा रहेका योजना तथा कार्यक्रमहरूको सम्बन्धित लाभग्राहीहरू तथा उपभोक्ता समितिहरूले पेश्की तथा अन्तिम भुक्तानी मागका लागि यस नगर कार्यपालिकाको कार्यालयमा फायल गर्दा *परशुराम नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५* को दफा ११ लगायतको व्यवस्था बमोजिम देहाय अनुसारका कागज प्रमाण तथा प्रक्रियाहरू पूरा गरेर मात्र पेस गर्नुहुनु अनुरोध छ।

<u>तपसिलः</u>

१. उपभोक्ता समिति गठनको निर्णय,
२. योजनाको स्वीकृत लागत अनुमान,
३. उपभोक्ता समिति र नगरपालिकाबीच भएको योजना सम्झौता र कार्यादेश (Work Order),
४. आधिकारिक विक्रेताबाट जारी भएका प्रमाणित बिल, भरपाई (जस्तैः मालसामान तथा निर्माण सामग्री खरिदको बिल) र म.ले.प. बाट स्वीकृत ढाँचाको डोर हाजिर (म.ले.प. फाराम नं. ५११),
५. सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाईको प्रतिवेदन,
६. नापी किताब (MB) र प्राविधिकबाट तयार गरेको उपभोक्ताको बिल,
७. अनुगमन प्रतिवेदन,
८. योजनाको शुरू, कार्य प्रगति भइरहेको र कार्य सम्पन्नपछिको तीन प्रति रंगीन फोटो,
९. वडा कार्यालयको भुक्तानी सिफारिस,
१०. भुक्तानी माग फाराम (म.ले.प. फाराम नं. २०२) र भुक्तानी मागको निवेदन,
११. योजना शाखाबाट भुक्तानीका लागि पेस भएको स्वीकृत टिप्पणी आदेश,
१२. पेश्की माग गर्नु पर्ने भएमा पेश्की माग गर्ने समितिको निर्णय र पेश्की माग फाराम (म.ले.प. फाराम नं. २०२क.),

"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरवासीको एउटै रहर"

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- १८९३

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

१३. चेकको भित्री पानाको सफासँग देखिने प्रतिलिपि।

*विशेष नोट:*

१. उल्लिखित कागजात प्रमाणका साथै परशुराम नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा १२ बमोजिम निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिएको हुनु पर्नेछ।

२. साथै, उल्लिखित कार्यविधिको दफा ६ बमोजिमका समितिको काम, कर्तव्य र अधिकारको पूर्णरूपमा पालना गरेको हुनु पर्नेछ।

२०८२।०१।१८
खगेन्द्र साउँद
प्रमुख प्रशासकीय अधिकृत

हन्स राज भट्ट
पूर्वाधार विकास शाखा प्रमुख

शोभा जोशी
योजना शाखा प्रमुख

धन बहादुर साउद
आर्थिक प्रशासन शाखा प्रमुख

__बोधार्थ:__

श्री वडा अध्यक्षज्यूहरू (१२ वटै वडाहरू): जानकारीका लागि।
श्री वडा सचिवज्यूहरू (सबै): जानकारीका लागि।
श्री प्राविधिक कर्मचारी (सम्बन्धित वडा): योजनाको समयमैं अनुगमन गरी प्रतिवेदन पेस गर्नुहुन।
श्री सूचना प्रविधि शाखा: कार्यालयको Website, Facebook Page मा Upload र सम्बन्धित वडा कार्यालय तथा वडा सचिवहरूलाई Email मार्फत पत्राचार गर्नुहुन।